Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

**सुचना ! सुचना ! सुचना !**

सड्क क्षेत्रको दायाँ बायाँमा रहेका रुखहरु काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानुन वमोजिम कारहवाही हुने व्यहोरा जानकारी गराउँद छौं । सडक हाम्रो सार्वजनिक सम्पत्ति हो, यसको संरक्षण र सम्वर्द्धन गरौं, सडक सफा राखौं र सडक अतिक्रमण हुनवाट जोगाऔं ।

**केराबारी गाउँपालिकाको कार्यालय मोरंग**

❑ वर्ष ८ ❑ अंक २२ २०७६ पौष १३ गते आईतवार **Sunday 29, DEC, 2019** ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## मोरंगको पालिकाहरूमा ऐन नियम कार्यविधीमा एकरूपता ल्याउने निर्णय सर्वसम्मतीले पारीत

श्याम सुन्दर सुतिहार

विराटनगर । मोरंग जिल्ला अन्तर पालिका साझा सरोकार मंचको केरावारी गाउँपालिकाको वडा नं. २ को रमणिय पर्यटक स्थल जेफालेमा बसेको बैठकले मोरंग जिल्ला भित्र रहेका १७ वटै पालिकाहरुको ऐन, कानून र कार्यविधीमा सकभर एकरुपता ल्याउने सर्वसम्मतिले निर्णय पारित गरको छ ।

केराबारी गाउंपालिकाको आयोजनामा पौष ९ गते भएको सो बैठकमा ९ वटा ऐजेण्डा माथि वृहत छलफल भएको थियो । ती ऐजण्डाहरुमा ऐन नियम कार्यविधी तयारी, अख्तियारको ६१ बुद्धे निर्देशन, गाउँसभा, नगर सभा संचालनमा एक रुपता, अगामी वैठक, पर्यटकीय क्षेत्र, भिजिट नेपाल, अख्तियारको ६१ बुद्धे सुझाव प्रतिवेदन, जेफाले पर्यटन प्रवर्द्धन र अन्तमा विविध विषयमा गहन छलफल भएको थियो ।

ऐजेण्डा नं. १ मा विराटनगर महानगर पालिकाका कार्यकारी अधिकृत एकदेव अधिकारीले मोरंग जिल्ला भित्र रहेको १७ वटा पालिकाहरुलाई एक अर्कासंग समन्वय गर्न, एक अर्कोको सहयोगी वन्नका लागि पालिकाहरुको ऐन नियम कार्यविधी छुट्टा-छुट्टै निर्माण गरेमा खर्च पनि अध्याधिक लाग्ने भएकोले सके सम्म ऐन नियम कार्यविधीमा आ-आफ्ना गाउँपालिका परिषद्वाट पारीत गराई एक रुपता ल्याई कम खर्चमा ऐन नियम कार्यविधी निर्माण हुने छ । त्यसको लागि कानूनका विज्ञहरुवाट सल्ला सुझाव लिएर कार्यविधी निर्माण तिर लाग्ने सोको लागि प्रत्येक पालिकाले मोरंग जिल्ला अन्तर पालिका साझा सरोकार मंजको कोष खडा गरी सो कोषमा प्रत्येक पालिकाले २ लाखको दरले जम्मा गर्नु पर्ने प्रस्ताव राखेपछि सो प्रस्ताव सर्वसम्मतिले पारित गरेका छन् ।


मोरंगको पालिकाहरुका मेयर, उपमेयर, अध्यक्ष, उपाध्यक्ष र जनसेवक कर्मचारीहरु जेफालेमा

अख्तियारको ६१ बुद्धे निर्देशन सम्वन्धा गाउंपालिका अध्यक्ष, उपाध्य र कार्यकारीहरुले संजग भएर अगाडी वढ्ने, कार्यविधीलाई पालन गर्ने भएको छ । त्यसैगरी गाउँसभा र नगर सभामा एकरुपता ल्याई एउटै मितिमा सक्ने सर्वसम्मतिले निर्णय पारित गर्दै अगामी वैठक ग्रामथान गाउंपालिकाको आयोजनमा फागुन २ गते गर्ने सर्वसम्मतिले निर्णय पारित गरेको छ ।

पर्यटन सम्वन्धा आ-आफ्नो पालिका भित्र रहेका पर्यटनलाई प्रवर्द्धन गर्दै प्रचार प्रसारको लागि

वांकी अन्तिम पेजमा...

## जेफालेमा शान्ति सुरक्षाको माग

जेफाले । केराबारी गाउँपालिका वडा नं. २ सिंह देवी जेफाले डाडामा आउने पर्यकटको लागि समान्य बाटो घाटो र पर्यटन क्षेत्रमा व्यवस्थित वास स्थान र घुमफिरको व्यवस्था भएता पनि शान्ति सुरक्षाको अभाव भएकोले शान्ति सुरक्षाको लागि प्रहरी चौकी स्थापनको माग गरेका छन् ।

जेफाले पर्यटन विकास समितिका सदस्य तथा मातृभुमि चिया उद्योगका संचालक नारायण राईले भने पर्यटन वर्ष २०२० लाई सफल पार्न जेफाले आउने पर्यटकलाई अर्ग्यनिक चिया खुवाउने, विषादी प्रयोग नभएको कीवी, आलु वखडा, ग्राउण्ड एपल, अकवरे खुर्सानी लगायतको खाना खुवाउने र चण्डी नाच, हरहुरा नाचले स्वागत गर्ने तथा पर्यटकले रोजे अनुसार खसीको मासु, कुखुराको मासु खुवाउने गरेका छौं । केही मात्रामा जेफाले आउने पर्यटकको लाग वाटो घाटोको सुविधा भएपनि शान्ति सुरक्षाको अभाव भएको शान्ति सुरक्षाको लागि प्रहरी चौकीको स्थापन आवश्यक भएकोले सो व्यवस्था मिलाई दिन हाम्रो मुख्य माग रहेको वताए ।

भिजिट नेपाल वर्ष २०२० का सदस्य दिल्ली राम शर्मा अधिकारी भने जेफाले पर्यटक स्थलमा प्रारम्भिक निर्माण कार्य गरेका छौ । शान्ति सुरक्षको लागि प्रहरी चौकी स्थापनाको लागि जग्गा छुट्याएका छौ । सामुदायिक होमस्टे संचालनमा गरेका छौं । समथल भूभाग केराबारीवाट २५ किलोमिटर दुरी पार गरेर भए पनि दैनिक

वांकी अन्तिम पेजमा...

## अन्तर प्रदेश कानून र सुरक्षा सम्वन्धी छलफल

विराटनगर । कानून र सुरक्षा सम्वन्धी अन्तर प्रदेश अनुभव आदान प्रदान तथा छलफल कार्यक्रमा प्रदेश नं. १ को राजधानी विकाराटनगरमा सम्पन्न भएको छ ।

सो अनुभव आदान प्रदान तथा छलफल कार्यक्रमा सातवटै प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रीहरुका उपस्थिति रहेको थियो । प्रदेश नं. १ का आन्तरिक मामिला तथा कानून मन्त्री हिकमत कार्की, प्रदेश नं. २ का आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र कुमार यादव, प्रदेश नं. ३ का आन्तरिक मामिला तथा कानून मन्त्री शालिकराम जम्कट्टेल, गण्डकी प्रदेशका आन्तरिक मामिला तथा

वांकी अन्तिम पेजमा...

## आरबीबीद्धारा रोजगारी मुलक तालिम

विराटनगर । राष्ट्रिय वाणिज्य बैंकले शुक्रवार पत्रकार सम्मेलन गरी संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत स्नातक र स्नाकोत्तर डिग्री भएका कलेजका विद्यार्थीहरुलाई तीन दिने रोजगारी मुलक तालिम दिने भएको छ ।

अध्ययन गरि रहेका वा अध्ययन सकेर कामविहीन बसेका (कुनै पनि जबमा आवद्ध नभएका) यूवाहरुलाई टेक्निकल, विहेविरल र प्राक्टिकल बैकिङ्ग वियगत तयारी कक्षा प्रदेश नं. १ को राजधानी विराटनगरमा संचालन गर्ने भएको छ । बीबीए र बीबीएस दिएर कामविहीन बसेका युवाहरुलाई लक्षित गरी प्रदेश नं. १ मा तालिमको लागि पुस १२ गते देखि अनलाई फारम खुल्ला गरिएको छ । सो फारम भर्नेले आफु कुनै पनि जवमा नरहेको प्रतिवद्धता गर्नु पर्ने हुन्छ । उक्त कार्यक्रम इम्पावर एकेडेमीले कार्यक्रम शुरु गरेको छ ।

प्रदेश नं. १ मा ५० जनालाई सो तालिम उपलब्ध गराई तालिम पश्चित तालिम पास गरे पछि ती तालिमका सहभागीहरुलाई विभिन्न

वांकी अन्तिम पेजमा...







पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर
MAX
Maximum care for life
INTERNATIONAL HOSPITAL
&
TRAUMA CENTER (P.) Ltd.
Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

## मोरंगको...

सवैले एक अर्कालाई सहयोग गर्ने, भिजिट नेपाल २०२० को शुरुवात जनवरी १ गते देखि आ-आफ्नो पालिकाका आ-आफ्नो अनुकुलको कार्यक्रम गरी मनाउने, अख्तियारको ६१ बुद्धे निर्देशनको लागि सुझाव प्रतिवेदन तयार गर्ने, जेफाले पर्यटन प्रवर्द्धनका लागि सबै गाउंपालिका हरुले प्रचार प्रसार गरी जेफाले पर्यटनक स्थानलाई विकासका लाग सहयोग गर्ने निर्णय भएको छ ।

अन्तर पालिका साझा सरोकार मंचको वैठक केरावारी गाउँपालिका को अध्यक्ष रोहीत कार्कीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## जेफाले...

पर्यटकहरुको आगमन भई रहेकोछ । पर्यटकहरुको लागि शान्ति सुरक्षाको आवश्यकता भएकोले तत्काल शान्ति सुरक्षाको लागि प्रहारी चौकी स्थापना हाम्रो प्रमुख माग रहेको वताए ।

जेफाले होमस्टे नं. ८ ले अन्तर पालिकाको वैठकमा सहभागी हुन आएका पालिका मेयर, उपमेर, अध्यक्ष, उपाध्यक्ष, कार्यकारी अधिकृत, जनसेवक कर्मचारी र पत्रकारहरुलाई फूलमाला लगाई स्वागत गर्दै खानामा स्थानीय मूला, दाल, भात, दही, मासुको व्यवस्था गरिएको थियो भने नास्तामा सुन्तला, कीवी, सकरखण्ड, विभिन्न किसिमका माटो मुनि फल्ने जराहरु र ग्रीन टीको व्यवस्था गरिएको थियो ।

## अन्तर...

कानून मन्त्री हरिवहादुर चुमान, प्रदेश नं. ५ का आन्तरिक मामिला तथा कानून मन्त्री कुल प्रसाद केसी, कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री नरेश भण्डारी, र सुदुरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री प्रकाश वहादुर शाह छलफलमा सहभागी भएका थिए ।

कानुन र सुरक्षा सम्वन्धी अन्तर प्रदेशको अनुभव अदान-प्रदान छलफल गरी संयुक्त छलफलटा १० वटा बुद्धामा साझा धारण वनाई संयुक्त हस्ताक्ष्र गरिएको छ ।

ती वुद्धाहरुमा १. नेपालका सातवटै प्रदेशमा कानून निर्माण र शान्ति सुरक्षालाई सुदृढ र प्रभावकारी वनाउन एकआपसको अनुभव आदान प्रदानवाट सवै लाभान्वित हुन सकिन्छ भन्ने विषयमा समान धारण रहियो, २. प्रादेशिक शान्ति सुरक्षालाई प्रभावकारी वनापउनका निमित्त आवश्यक कानुनी व्यवस्था, निति तथा संस्थागत सवलिकरण कार्य अगिवढाउने विषयमा समान धारणा रहियो, ३. प्रादेशिक विपद व्यवस्थापनका लागि मौजुदा कानूनी व्यवस्थालाई सुदृढ गर्दै सवै प्रदेशमा संस्थागत क्षमता अभिवृद्धि गर्न आवश्यक रहेको महसुस गऱ्यो, ४ प्रदेशिक शान्ति सुरक्षा, अपराध नियन्त्रण र अपराधिक कार्यलाई कानूनको दायरामा ल्याउने प्रदेश प्रहरीको भूमिका स्पष्ट गर्न संघ र प्रदेश कानूनमा उपयुक्त आवश्यक व्यवस्था हुनु पर्ने तथ्यलाई गम्भिरता पूर्वक महसुस गरियो, ५ प्रदेश प्रहरीको संचालनमा प्रदेश सरकारको नेतृत्वदायी एवंम उत्तरदायी र जवाफदेही पूर्ण भूमिकाका लागि माननीय मुख्य मन्त्री ज्यूहरु मार्फत ठोस पहल कदमी लिन आवश्यक रहेको तथ्य महसुस गरियो । जस्ता साझा धारणा वनाएको छ ।

त्यसैगरी ६. संघियता र सुशासनको मान्यता र सिद्धान्त अनुरुप कानून निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पहल कद्मी लिन र सम्भव भए सम्म कानून निर्माणमा अन्तर प्रदेश एकरुपता कायम गर्न प्रयत्न गर्ने विषयमा समान धारणा रहियो, ७ जिल्ला र उच्च सरकारी वकिल कार्यालय संगको समन्वय र कार्यालयको अनुगमन मार्फत कानूनको शासनलाई थप सुदृढ वनाउन मुख्य न्यायाधिवक्ताको कार्यालयको भूमिकालाई थप विस्तार गर्न आवश्यक रहेको महसुस गरियो, ८ नेपालको संविधानको धारा २३२ वमोजिम संघ प्रदेश र स्थानीय तह वीचको सम्वन्ध सहकार्यता सहअस्तित्व र समन्वयको सिद्धान्तलाई सुदृढ, स्पष्ट, पार्दशी र व्यवहारिक वनाउन साझा अधिकारको सूचीका विषयमा कानून निर्माण गरिदा तिनै तह वीचको समन्वय गर्न आवश्यक रहेको तथ्यमा साझा धारणा रहेको, ९. सम्माननीय प्रधानमन्त्री के.पी शर्मा ओलीको नेतृत्वमा रहेको नेपाल सरकारले अघि वढाएको 'समृद्ध नेपाल सुखी नेपाली' को महान अभियानलाई सकार्थ वनाउन सवैले आ-आफ्नो प्रदेशको तर्फवाट सकारात्मक र प्रभावकारी भुमिका निर्वा गर्नु पर्छ भन्न तथ्यलाई आत्मसात गरियो, १०. अन्तर प्रदकेश आन्तरिक मामिला तथा कानून मन्त्री मुख्य न्याधिवक्ता तथा आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिवहरुको वैठक बसी एक आपसमा अनुभव आदान प्रदान कार्यक्रम सफल रहेको र यस्ता कार्यक्रम भविष्यमा समेत आवश्यक रहेको विषयमा समान धारणा रहेको निष्कर्ष समेत निकाल्दै छलफल कार्यक्रम सम्पन्न गरेको थियो ।

## आरबीबीद्धारा...

बैंकमा काम गर्ने गरी पेड इन्टर्नसिप दिन लागिएको राष्ट्रिय वाणिज्य बैंकका नायब प्रमुख कार्यकारी अधिकृत केशव प्रसाद लम्सालले जानकारी दिनुभयो ।

कार्यक्रमबाट वित्तीय क्षेत्रमा करियर अगाडि बढाउने युवाहरुले तीन महिना राष्ट्रिय वाणिज्य बैंकमा बैंकिङ सम्बन्धी काम गर्ने गरीने र काम गरे वापत न्यूनतम ज्यालादारी तलव पाउने लम्सालले वताए । पेड इन्टर्नसिप पाउने बताउनु भयो । राष्ट्रिय वाणिज्य बैंकले पत्रकार सम्मेलन आयोजना गरी आरबीबी इम्पावर एकेडेमीको उद्देश्य र सहभागिताको तयारी बारे जानकारी समेत गराएको थियो ।

सो तालिमको लागि कुनै पनि शुल्क लाग्ने छैन । तालिम अवधि भर खान बस्न समेत व्यवस्था रहेको छ । तीन महिनाको लागि जबमा तालिमका सहभागीहरुलाई घर पायक पर्ने ठाउंमा जब दिने आयोजकले वताए ।

# तीन हजार विरामीको नि:शुल्क उपचार



बिराटनगर । नोबेल शिक्षण अस्पतालले बिगत दुई साताको अवधिमा दुई जिल्लाका चार स्थानमा सञ्चालन गरेको नि:शुल्क स्वास्थ्य शिविरबाट तीन हजार भन्दा बढी बिरामी लाभान्वित भएका छन् ।

स्थानीय संघसस्थासँग समन्वय गरेर उदयपुरको बेलका नगरपालिका स्थित रामपुर, मोरङको दाम्राभिट्टा, विराटचोक र पथरीमा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो ।

चार स्थानमा सञ्चालित शिविरबाट ३ हजार २ सय ३६ बिरामीको नि:शुल्क उपचार गरिएको अस्पतालका जनसम्पर्क अधिकृत नारायण दाहालले जानकारी गराए । उनका अनुसार उदयपुरको बेलका नगरपालिकासँग सहकार्य गरेर रामपुरमा सञ्चालित शिविरबाट १ हजार १ सय ५५ जना बिरामीले नि:शुल्क स्वास्थ्य उपचार पाएका छन् । जसमा १ सय ५० जनाको भिडियो एक्सरे, २ सय १३ जनाको ईसीजी र २ सया ११ जनाको रक्त परीक्षण गरिएको थियो ।

त्यसैगरी मोरङको दाम्राभिट्टा स्थित दाम्राभिट्टा सेकेण्डरी इङ्लिस स्कुलसँग सहकार्य गरेर सञ्चालित शिविरमा १ सय ७ जनाको भिडियो एक्सरे, १ सय ५३ जनाको ईसीजी र २ सय १३ जनाको रक्त परिक्षण गरिएको थियो ।

मोरङको पथरीमा सञ्चालित शिविरमा ४ सय १५ जना र विराटचोकमा भएको शिविरमा ४ सय ५३ जनाले नि:शुल्क उपचार पाएको नोबेल शिक्षण अस्पतालले जनाएको छ ।

ग्रामिण क्षेत्रका बिपन्न बिरामीलाई नि:शुल्क उपचार गर्ने उद्धेश्यले नोबेलले पुर्वी नेपालका बिभिन्न जिल्लामा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको छ ।










परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

# सत्ताको खेलमा मधेशवादी दल फस्दै

नेपालको राजनीतिमा गजेन्द्र नरायण सिंहले नेपाल सदभावना पार्टी खोले मधेशी जनताको अधिकारलाई वुलन्दा वनाउन केन्द्रिकृत शासन प्रणालीका केन्द्र काठमाण्डौको सांसद भवनमा धोती, कुर्ता र गम्छा लगाएर हिन्दमा भाषण गरेको देखेर मधेशमा मधेशी जनताको अधिकारलाई सुनिश्चित गराउन र समग्र मधेश एक प्रदेशको नारा लगाएर २०६३ को आन्दोलनवाट दर्जनौ मधेशवादी पार्टीहरु मधेशी नाम जोडेर पार्टीहरु खोलेका थिए । ती पार्टीहरु दश वर्ष नवितदै पार्टीको नामवाट मधेश शव्द हटाई सकेका छन् । लोकतान्त्रिक इतिहासमै दुई तिहाई बहुमत पाएका नेपाल कम्यूनिष्ट पार्टीका प्रधान मन्त्री केपी शर्मा ओलीको राजनीतिक दाउपेचमा पालैपालो मधेवादी दल भनिएका राजपा र समाजवादी पार्टी पनि पालैपालो राजनीतिक खेलमा फस्दै मधेशी जनताले पाएका अधिकार समेत अहिले खोसिएको अवस्था छ ।

नेपालको संविधान २०७२ ले नेपालमा बसोवास गरेका सवै जातजातिलाई हरेक निकायमा जनसंख्याको आधारमा समानुपाति प्रतिनिधीत्व हुने गरी नियूक्ति गर्ने भनेता पनि अहिलेको अवस्थामा ७ सय ५३ वटा स्थानीय निकाय र प्रदेशका मन्त्रालयले आफु खुशी पद सृजना गर्ने र आफन्तलाई नियुक्ति दिने र स्थानीय बजेटमा रजाई गर्ने काम गरी रहेको छ यी सवकुरामा मधेशवादी राजनीतिक दलहरुले वोल्नुको सट्टा दुवटा मधेशवादी दल राजपा र समाजवादी पार्टीले सत्ताको लालसामा डुवेका छन् एउटाले सत्ता छोड्न वितिकै अर्कोले सत्तामा भागी दारी खोज्न ढोकामा बसेका हुन्छन् । यस्तो अवस्थाले मधेशको राजनीति अझ जरजर हुदै गई रहेको छ । मधेशी पार्टीका नेताहरुले लोभ, मोह र त्याग गर्न सिक्नु भन्दा पनि फेरी पनि खसहरुसंग नाता सम्वन्ध जोड्नु सत्ताको खेलमा फस्नुले मधेशको राजनीति अझ अन्यौल भई रहेको छ ।

मधेशवादी दलहरुले सत्ता खोज्न भन्दा आफै भित्र एकता खोज्नु वेस हुन्छ । आफुभित्र एकता भए सत्ता पाउन कुनै गाह्रो छैन । अहिले नेपाल कम्यूनिष्टपार्टीका प्रधानमन्त्री केपी शर्मा ओलीको एउटै उदेश्य छ । मधेवादी दलमा फुट गरेर प्रदेश नं. २ मा समेत नेकपाको मुख्य मन्त्री बनाउने हो किन भने नेपालको सातवाटा प्रदेश मध्ये ६ वटा प्रदेशमा नेकपाको मुख्यमन्त्री र प्रदेशश प्रमुख छन । प्रदेश नं. २ मा पनि मुख्यमन्त्री लिएर सवै मन्त्रालय मधेशवादीलाई दिन तयार हुन्छ । मधेशी दल भनिएका राजपा र समाजवादी वीच फुट गर्न ओली लागी परेको छन् त्यसैले वेलामै मधेवादी दलहरु सचेत हुन आवश्यक छ ।

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : स्वास्थ्य, खास गरी आँखा तथा पेट सम्वन्धी समस्याले सताउला । शारीरिक आलस्यले जरो गाड्ने छ। परिवारिक चिन्ताले सताउने छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : सहास र हिम्मतले धेरै काम बन्ने छ। आटेका काममा सफलता मिल्ने छ। सत्रुहरु परास्त हुने छन् । प्रशन्सा तथा मान सम्मानको योग रहेको छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आर्थिक मामिलाको काममा ठगिनुका सार्थै माल समान हराउने तथा हानी नोक्शानी हुन सक्ने योग रहेकाले सतर्कता अपनाउनु होला ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : शारिरीक तथा मानसिक ताप उत्पन्न होला । अत्यधिक परिश्रमले शारिरीक थकाई लागुनका साथै समान्य चोट पटकको सम्भावना छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : मन पर्ने समान किनमेल गर्नुका साथै उपयुक्त काममा लगानीको योग रहेको छ। भावी योजनालाई लिएर केही चिन्तीत वनाउने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो) : केही सर्घर्ष गर्नु परेपनि अनन्त आटेका काममा सफलता मिल्ने छ। धार्मिक तथा मंगलिक काममा खर्च हुने योग देखिन्छ ।**

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : समयले विस्तारै कोल्टे फेर्न लागेको छ। रोकिएको काम क्रमश वन्दै जानेछन्। वादविवादमा आनसिक सफलता मिल्ने छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : स्वास्थ्यमा विशेष विचार पुऱ्याउनु होला। काममा सफलता मिलेपनि पछि गएर विध्न वाधा आउने योग रहेको छ ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : केही शारीरीक मानसिक सन्ताप उत्पन्न गराउने योग छ। आकास्मिक अस्वस्थ्यता आउने योग समेत रहेको छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : अनावश्यक विषयतमा मानसिक चिन्ता एवंम द्धुविधा उत्पन्न हुने छ। कामको व्यस्तताले शारिरीक थकान उत्पन्न गराउंला।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) : तपाईको स्वास्वास्थ्यमा सुधार हुँदै जानेछ । अडिकिएका कामहरु क्रमश वन्दै जानेछ । प्रतिस्पर्धामा सफलताको योग छ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : पारिवारिक झमेला तथा सन्तानको चिन्ताले पिरोलिने छ । सानो तिनो शारीरीक अस्वस्थता समान्य चोट पटकको सम्भावना रहेको छ। सचेत रहनु होला।

# नेतृत्व वर्गले लिनु पर्ने शिक्षा

**उत्तर कुमार पराजुली**

नेतृत्व वर्गले सबैभन्दा बढी कुरा गर्ने विषय भनेको विकास हो । उन्नत किसिमको सुधार बिस्तार तथा सकारात्मक परिवर्तन नै विकास हो । विकासका जतिसुकै रट लगाएपनि तल लेखिएका विकास वा समृद्धिलाई खाने कीराबाट उन्मुक्ति प्राप्त गर्न सकिएन भने विकास भन्ने कुरा केवल 'आकाशको फल आँखा तरी मर...' भने जस्तो मात्र हुन पुग्छ ।

१. कानून परिपालनको अभा :- विकास वा समृद्धिको मूल जरो खाने कीरो यही हो । कानूनको सर्वोच्चता विकास र समृद्धिको मूल ढोका हो । यसले नै नागरिकमा समभावको सिर्जना गर्छ । समतामुलक समाजको सिर्जना गर्ने मुख्य जग पनि यही हो । उच्च ओहोदाका व्यक्तिले वा भनौं नेतृत्व वर्गले कानून हातमा लिएर आफ्नो मनमाफिक गर्ने र समाजका कमजोर हैसियतका सर्वसाधारणलाई कानून परिपालनाका नाममा अनेक झमेला टन्टा लगाउने गर्दा सर्वसाधारणमा नेतृत्वप्रतिको श्रद्धा हराउँदै जान्छ । यसले गर्दा सामाजिक एकता भाईचारा सर्वनाश मात्रै हुँदैन कि जति कानून मिच्न सक्यो, उति उच्च हैसियतको भइने सोंचको विकास भई समाजमा अराजकता बढ्दै जान्छ । 'सानालाई ऐन ठूलालाई चैन' भन्ने लोककथन यस्तै परिस्थितिको प्रतिविम्बन हो । यस्तो परिवेशले विकास विरोधी प्रवृत्तिलाई प्रश्रय दिन्छ । त्यसैले नेतृत्व वर्गले कानूनका आाखामा सबै बराबरी भन्ने संस्कार स्थापित गर्न प्रयत्नरत हुनु पर्छ ।

२.नातावाद र कृपावाद :- यो नेतृत्वको गुभो खाएर थोत्रो बनाउने गबारो हो । नातावाद र कृपावादका गबाराले खाएर नैतिक उचाइ खात्खुत्तै घटेका व्यक्तिहरूका नाम टिपोट गर्ने हो भने ठूलै लगत खडा हुन्छ । त्यसको सबैभन्दा सजिलो उदाहरण २०७४ सालका समानुपातिकमा चुनिने सांसदहरूको नामावली नातावादको हस्को ठस्स आएको धेरैले महशूस गरे । राम्रो व्यक्तिभन्दा हाम्रो व्यक्तिको चयन गर्ने प्रवृत्तिले कि त सङ्गठन तहसनहस भएको कि त आफू नै स्वाहा भएका तमाम उदाहरण पाइन्छन् । जिम्बाबेका पूर्व राष्ट्रपति रोबर्ट मुगावेले श्रीमतीलाई राष्ट्रपति बनाउने धुनमा लाग्दा आफ्नो लामो इतिहास कलङ्कित भएको चर्चा नयाँ नै छ । यसबाट नेतृत्व वर्ग बच्न सकेन भने उसको जस्तोसुकै त्याग, तपस्या, लगाव, मेहनत... सबै यसैगरी माटोमा मिल्न जान्छ । यसै सन्दर्भमा दार्शनिक रूपचन्द्र विष्टसितको एक स्मरणीय घटना छ । एक दिन सांसद रूपचन्द्रका भतिजाले आफूलाई विदेश पढ्ने छात्रवृत्तिका लागि सिफारिश पत्र लेखिदिन भनेछन् । तब रूपचन्द्रले सिफारिश पत्र यसरी लेखिदिएछन् । 'श्री .... कार्यालय । पत्र बाहक मेरा भतिजा हुन् । उनी... देशमा छात्रवृत्तिमा जान चाहन्छन् । सोका लागि मेरा भतिजा योग्य भए यिनलाई र यिनीभन्दा योग्य अरू कोही भए उनैलाई पठाउनका लागि सिफारिश गर्छु ।' कस्तो दार्शनिक बोली । कोही कसैलाई नकारात्मक कुरा नबोली आफ्नै मान्छेलाई हटाउनसमेत सिफारिश गरी आफ्नो आदर्श कायम गर्न सक्ने क्षमता ।

३. झूठको खेती : कुनै सत्यतथ्य कुरालाई बङ्ग्याउने, तोडमरोड गर्ने, भाँजो हाल्ने काम भयो भने यहाँ राजनीति भयो भन्ने प्रचलन भइसकेको छ । कोही कसैको भवितव्यमा ज्यान गयो भने पनि यो पक्षले मारेको, ऊ पक्षले हत्या गरेको भनी समाजमा झमेला सिर्जना गर्नुलाई 'लासको राजनीति' भन्ने गरिन्छ । यस्तै-यस्तै कुराले गर्दा राजनीति सर्वसाधारणमाझ डुङ्डुङ्ती गह्नाउँने गरेको छ । त्यसैले राजनीतिलाई फोहरी खेल पनि भन्ने गरिन्छ । यस्तै विकृति देखेर, भोगेर हास्यव्यङ्ग्यकार भैरब अर्यालले 'महापुरुषको सङ्गत' शीर्षकको निबन्धमा यसो भनेका छन् ।

चोरीचकारी नगरे चतुऱ्याई हुन्न ।
दङ्गाफसाद नगरे इज्जतै रहन्न ।
सोझा र सज्जन कवै नलिनू दलैमा । पार्टी चलाउनू सधैं छल औ बलैमा ।

यस व्यङ्ग्य श्लोकले पनि राजनीतिमा झूठको खेती निकै मौलाउने कुराको सङ्केत गर्छ । एउटा झूठलाई सत्य सावित गर्न खोज्दा सयवटा थप झूठ बोल्नु पर्छ । यसले गर्दा व्यक्तिको व्यक्तित्व त गिर्छ नै, झूठ वक्ताको सोंच र समझमा पनि नकारात्मक पाटो बढ्दै जान्छ । यस्तो हुदै जाँदा व्यक्ति समाजबाट बाहेक हुने, क्रूर, हिंस्रक, निष्ठूर र अपराधी बन्ने अवस्था आउँछ । यो नकारात्मक प्रवृत्ति निजका शाखा सन्तान र छरछिमेकमा पनि सर्दै जान्छ । कुनै निश्चित स्थान विशेषका बासिन्दा फटाहा, जाली, अपराधी, चोर, डाँका... हुन्छन् भन्ने भनाइको पृष्ठभूमि यिनै क्रिया कलापले सिर्जना गरेका हुन् । त्यसैले आजको विश्वव्यापीकरणको जमानाका नेतृत्व वर्ग पुरानै खोलेटोले सोंचमा नरुमलिई उदार, सत्यवादी हुनुपर्छ भन्ने यो नीति वचनले निर्देश गर्नसक्छ ।

अयं बन्धु रयं नति कलंना लघुचेतसाम् । उदार चरितानन्तु वसुधैव कुटुम्बकम् ।

(यो मेरो ऊ तेरो भन्ने कुरा सङ्कीर्ण सोंचवालाको भनाइ हो । जो उदार सच्चरित्रवाला छ, उसका लागि पृथ्वीका सबैमा समान भाईचारा रहन्छ, हुन्छ । ) यसो भयो भने विकासको लहर चारैतिर फैलिन्छ ।

४. राजनीतिक अनिच्छा :- कसैको धेरै आलोचना गरिन्छ भने त्यसमा केही दम छ भन्ने बुझ्नुपर्छ । संसारमा सबैभन्दा आलोचना हुने विषयवस्तु केही छ भने त्यो राजनीति हो । सबै नीतिहरूको मियो हो राजनीति, हातो हो राजनीति । त्यसैले राजनीति बिग्रियो भने अरू सपार्छु भनेर पनि सपार्न सकिंदैन । राजनीति सपार्न राजनेताको इच्छा शक्तिको प्रमुख भूमिका हुन्छ । राजनेता जब इच्छा शक्तिहीन र तदर्थवादी बन्छ, तब विकासले गति लिन सक्तैन । राजनीतिक अनिच्छा भनेको देश विकास तथा उन्नतिको मसानघाट हो, चिहान हो ।

५. शोषण :- शोषक-शोषित, पीडक-पीडित... जस्ता कुराहरू राजनीतिका कखरा सिक्दैखेरि कण्ठ हुने कुरा हुन् । शोषणका विभिन्न रूप हुन्छन् । आर्थिक शोषण, सामाजिक शोषण, धार्मिक शोषण, बौद्धिक शोषण, सोझो सरल तरिकाले शोषण हुँदैन । यसका लागि अनेकखालका फट्याईका तानावाना बुन्ने कुटिल मानसिकताले नै शोषकको परिपञ्च सिर्जना गर्छ । कतिपय अवस्थामा शोषकका भ्रमजालका कारणले शोषितले म शोषणमा छु भन्ने कुरा थाहा पाउन सकेको हुँदैन भने कतिपय अवस्थामा म शोषणमा छु भन्ने कुरा थाहा भएपनि उसका परिवेशजन्य वाध्यताले शोषणविरुद्ध बोल्ने अवस्थामा हुँदैन । 'भनुँ भने गाउँका मुख्खे, नभनुँ भने कुखुरा सकिए' भन्ने उखान यस्तै परिवेशलाई प्रतिविम्बन गर्न सिर्जिएका हुन् । जसरी ऐंजेरुले स्वस्थ रूखलाई स्वाहा पार्छ, जसरी उपियाँ परेको खसीलाई जतिसुकै दानापानी दिएपनि सप्रिन्न शोषक राजनेता भएका देशको विकास एक दिवा स्वप्ना मात्र हुन्छ । देश कहिल्यै उँभो लाग्दैन । शोषणले देश विकासमा जुकाको हैसियतले अबरोध गर्छ ।

६. ढिलासुस्ती :- ढिलासुस्तीलाई देश विकासको फाल्सन पनि भन्दछन् । जसरी अगाडिका दुई खुट्टालाई छोटो डोरी (फाल्सन)ले बाँधिदिए पछि कस्तै पानीदार घोडा पनि उसको वेगमा कुद्न सक्तैन, त्यसरी नै जुनसुकै काममा पनि ढिला-सुस्ती गर्ने जुम्सो प्रवृत्तिले विकासलाई गतिहीन बनाइदिन्छ । समय र ग्राहकले कसैलाई पर्खन्न । विकासका लागि पनि यी कुरा सम्झन योग्य छन् । चलाख नेतृत्वले समयलाई उछिन्ने योजना बनाउन सक्छ । समयलाई लगाम लगाउन सक्छ । एक कामदारको एक दिनमा श्रम गर्ने समय भनेको आठ घण्टा हो । यदि कुनै कामलाई चौबीसै घण्टा निरन्तरता दिन उस्तै दक्षता र क्षमता भएका तीन टोली कामदारको व्यवस्था गरियो भने तीन दिनमा हुने काम पहिलो दिनमै हुन्छ । तीन वर्षमा हुने काम पहिलो वर्षमै हुन्छ । जापान, दक्षिण कोरिया, चीनका विकासका चुली छिटोछिटो चुलिने रहस्यमा यस्तै व्यवस्थापकीय राज लुकेको छ । हामी भानुभक्तीय भोलि, भैरब अर्यालको 'जय भोलि' मा रमाइरहेका छौं । अल्छ्याइ र जुम्सोपनले कहिल्यै उन्नति प्रगति हादैन भनी 'सुदिनले सुत्न दिन्न, कुदिनले उठ्न दिन्न' भन्ने लोककथन बनेका छन् । कवि जगन्नाथ गुरागाईको चर्चित कृति गुणरत्नमालाको एक श्लोक ।

अल्छ्याई नलिनू उँघी नरहनू निन्द्रा नधेरै लिनू । क्वैदेखि नडराउनू रिस कतै कैल्यै नउठ्ने हुनू ॥
धन्दा झट्पट छिन्नू फूर्ति रहनू जुम्सोपना छाड्दिनू । विद्यामा धनमा पूरा हुनुपरे यो बानी हर्दम् लिनू ॥

नेतृत्व वर्गले भोलिवादी प्रवृत्तिको जरो उखेल्न सकेन भने देश वा समाजको विकास धागो काटिएको चङ्गा जस्तो अलपत्र हुन्छ ।

७. दास मनोवृत्ति : अपनत्वको अभाव नै दास मनोवृत्ति हो । झट्ट सुन्दा कोही कसैले बाध्य बनाएर

वांकी पेज ५ मा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर महा न.पा. ५२२२३६

### अस्पताल

कोशी अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आाखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# लैगिंक उत्तरदायी सार्वजनिक सेवा सुदृढीकरणमा भएको लगानी र प्रयत्न अझै अप्राप्त

विराटनगर। देउराली समाज, दलित सचेतना समाज, समाज स्पर्श समिति, शिक्षाका लाग राष्ट्रिय अभियान र एक्सनएड नेपालको संयुक्त आयोजनमा संचालन भएको एक कार्यक्रमका सहभागीहरुले लैङ्गिक उत्तरदायी सार्वजनिक सेवा सुदृढीकरण्मा भएको लगानी र प्रयत्न अझै अप्रयाप्त भएको वताएका छन्।

उक्त कुरा जनसहभागिता, पारदर्शिता तथा जवाफदेही सरकार, लैङ्गिक उत्तरदायी गुणस्तरीय सार्वजनिक सेवा, हामी सवैको सरोकर भन्ने मूल नाराका साथ लैङ्गिक उत्तरदायी सार्वजनिक सेवा सम्वन्धी पुस १० र ११ गते भएको प्रादेशीक सम्मेलनका सहभागी वक्ताहरुले वताएका थिए।

सो सम्मेन समाजिक विकास मन्त्री जीवन घिमिरेको प्रमुख आतिथ्यमा उद्घाटन भएको थियो भने समापन मोरंग जिल्ला समन्वय समितिका संयोजक नरेश पोखरेलको प्रमुख आतिथ्यमा भएको थियो।

नेपालको संविधान २०७२ ले प्रदत्त गरेको नागरिकका सवैधानिक अधिार कार्यान्वयका लाग संघ, प्रदेश र स्थानीय सरकाको संरचना गठन भएको छ सार्वजनिक सेवालाई लैङ्गिक उत्तरदायी वनाउन र सुदृढीकरणका लाग तिनै तहका सरकारहरुवाट विभिन्न नीति, कार्यक्रम तय गरी तिनै तहका सरकारहरुवाट सकारात्मक पहलहरु भइरहेका छन्। लैङ्गिक उत्तरदायी सार्वजनिक सेवामा भएको लगानी अझै अप्रयाप्त रहेको सम्मेलनको ठहर रहेको छ।

राज्यको श्रोतवाटराज्य द्वारा प्रदान गरिने सेवालाई हाम्रो परिवेशमा सार्वजनिक सेवा भनने बुझिन्छ जस्तै : शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, संचार, सार्वजनिक यायात, सुरक्ष, समाजिक सुरक्षा राज्यले प्रदान गरिने भएकोले यसको जवाफदेहीता तथा उत्तरदायी राज्यले बोक्नु पर्ने भन्दै



वर्तमान समाजमा विद्यमान रहेको आर्थिक तथा सामाजिक असमानता तथा अन्याय संग लड्न सक्ने र प्रतिकार गर्न सक्ने वर्तमान भन्दा अझ वढी समतामुलक समाज निर्माण गर्न राज्यको काम भएको भन्दै समाजमा विद्यमान रहेको विभेदका विभिनन स्वरुप जस्तै : गरिवी, सिमान्तकृत, अल्पसंखयक, महिला, वालवालिका, दलित द्वन्दपिडित, तेस्रो लिङ्ग, फरक क्ष्मता भएका व्यक्तिहरु दास्रो दर्जाको हैसियतमा रहको यी आवश्यकता हरुलाई सम्वोधन गर्न नसक्दा समाज वदलि रहेको छैन भन्ने सम्मेलनको मुल निचोड रहेको छ।

समाजिक विकास मन्त्रालय प्रदेश नं. १ को सहकार्यमा भएको दुई दिने सम्मेलनमा प्रदेश नं. १ का ५ वटा जिल्लावाट प्रदेश सरकारका विषयगत मन्त्रालय, आयेग, स्थानीय सरकारका प्रमुख, उपप्रमुख एंव प्रतिनिधी, विद्यार्थी, युवा, नागरिक समाज, शिक्षाविद्, वालसंञ्जाल लगायतको सहभागीता १५ बुद्धे प्रतिवद्धता पत्र जारी गर्दै सम्मेलन सम्पन्न भएको थियो।

## पन्द्र बुद्धे प्रतिवद्धता पत्र

१. संविधानको मर्म र भावना अनुरुप स्थानीय सरकारहहरुले सरोकारवालाहरुको सहभागीतामा आफ्नो छुट्टै लैङ्गिक उत्तरदायी सार्वजानिक सेवा सम्वन्धी ऐन, नीति, नियम, बजेट र कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने, २. नागरिकको आधारभूत सार्वजनिक सेवा जस्तै : स्वास्थ्य, शिक्षा, कृषि, सामाजिक सुरक्षा तथा यातायात जस्ता लैङ्गिक विभेद रहित वातावरणमा सार्वजनिक सेवा सुदृढीकरणका क्रियाकलाप संचालन भएको सुनिश्चित गर्ने, ३. सार्वजनिक सेवामा सवैको समान पहुँच, उपलब्धता, स्वीकार्यता, अनुकुलता लाई सुरक्षित वनाउ र गुणस्तरमा अभिवृद्धिका लागि संघ, स्थानीय सरकार र प्रदेश सरकारको तर्फवाट हुने लगानीमा ४० प्रतिशत सुनिश्चित गर्ने, ४. विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि आधारभूत तहमा शैक्षिक सामाग्री निर्माण र प्रयोग, शिक्षण पद्धति र प्रक्रियामा ठोस नीति, वजेट र कार्यक्रमको पहल गर्ने, ५. विद्यालय परिवार सुशासनका लागि अभिभाव, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभाव संघ, नागरिक समाज र स्थानीय सरकारको समन्वयमा प्रभावकारी रुपमा विद्यालय अनुगमण गर्ने पद्धतीको विकास गर्ने,६. विद्यार्थीको विषयगत सिकाई उपलब्धी तथा मुल्यांकङ्कन प्रणालीमा सुधार ल्याउन स्थानीय सरकारहरुले एक रुपता कायम गर्ने प्रणालीको विकास गर्ने, ७. विद्यार्थी शिक्षक अनुपात, विषयगत शिक्षक र विद्यालय कर्मचारीहरुको वैज्ञानिक व्यवस्थापन कार्यलाई आ-आफ्नो तहवाट कार्यन्वयन गर्दै लैजाने, ८. अनौपचारिक शिक्षाका तहगत प्रमाणिकरण तथा समकक्षता मापन सम्वन्धि ऐन तर्जुमा गर्ने, ९. नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच, प्रत्येक नागरिकलाई अधारभूत तह सम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तह सम्मको शिक्षा नि:शुल्क पाउने हक सुनिश्चित गरेको छ, यसलाई पूर्ण रुपमा लागु गराउने, १०. विद्यमान शिक्षा नीति तथा प्रणालीले सृजना गरेको असमान शैक्षिक अवसर तथा समान प्रतिस्पर्धालाई अन्त गर्नु पर्ने, ११. शिक्षा लगायतका सम्पुर्ण सार्वजनिक सेवाहरुलाई लैङ्गिक उत्तरदायी वनाउन नागरिक समाजसंगको साझेदारीता र सहकार्यलाई संस्थागत गरिनु पर्ने, १२. स्थानीय जनप्रतिनिधीहरुले आफ्नो कार्य क्षेत्र भित्र रहेका सम्पूर्ण विद्यालयहरुको अनुगमन मार्फत छात्रवृत्ति लगायतका सेवा सुविधा वालिवालिकाको पहुँचमा भएको सुनिश्चित गर्ने, १३. बालविकास केन्द्रहरुको सुदृढीकरणका लागि स्थानीय तहले प्राथमिकतामा राखेर प्रभावकारी कार्ययोजना लागु गर्ने, १४. स्थानीय तहले भूगोललाई आधार मानेर शिक्षा तथा स्वास्थ्य क्षेत्रका प्राथमिकता पहिचानगरी वजेटको पूनवितरण गर्ने, १५. समुदायमा हुने लैङ्गिक हिंन्सा पिडितहरुका लागि आपत कालीन कोष प्रत्येक स्थानीय तहमा निर्माण गरी कार्यान्वयन गर्नुपर्ने,

**वेबसाईट, होस्टिङ, अनलाईन रेडियो, एस.एम. एस. तथा एस.एम. एस. भोटिङका साथै सफ्टवेयर एप्स चाहिएमा हामीलाई सम्फनुहोस।**

**सम्पर्क:**

**Websoft IT Nepal Pvt. Ltd.**

Biratnagar, Morang

www.websoftitnepal.com

9842278940

## मगही भाषा

### मगही भाषा के कविता

**दारुपिबा**

माउसक चोकत संग-संग हम
सिकरेट तानी एक डिवा
भुखलो पेटम घुमी त,
लोक कहै दरुपिबा-२
दरुपिबा ोक डगहर बातपर
भेटलखसल परल।
या मोटर सार्यक्ल च्उीकसडेलटमे सालमे,
कमसे कम २ सौं लो मरल-२
परोसी विदेशसे आइल त
कहल दह आइ पार्टी।
४ बरससे दरु पिबलेल,
कोइने भेटल साथी-२
हाफ बोतल के सुड्हारी लैत लैत
पिबलि ४ बोतल।
गुहुर मुतु पल्ड समैझ,
रहली हम मजास सुतल-२
पान पराग परजनी गन्दा,
खा-खा लोकेक मुहपर फेकै हवा।
धनिक लोपिव कतवो गल्ती,
करै त, कोइने कहै ओकरा दरुपिवा-२

**फुलगेन महतो**

## हार्दिक अनुरोध

जन्मदर्ता बालबालिकाको पहिलो अधिकार हो। जन्म, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद, मृत्यु दर्ता जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**

- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आफू बस्ने गाउँपालिकाका कार्यालयमा गई दर्ता गराउनु पर्छ।

**कसरी गर्ने ?**

गाउंपालिकामा निशुल्क पाईने फारम भरी घटना घटेको मितिले ३५ दिन भित्र घटना दर्ता गराउनु पदंछ ।

**व्यक्तिगत घटना दर्ता कसले गराउने**

- जन्म तथा मृत्युको घटना दर्ता परिवारका मुख्य व्यक्तिले।
- विवाह दर्ता, पति-पत्नी दुवैले।
- सम्बन्ध विच्छेद, पति वा पत्नीले।
- बसाई सराई, परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाई सराई गरी जाने व्यक्तिले।

**धनपालथान गाउँ पालिकाको कार्यालय मोरंग**

खुल्यो ! खुल्यो !! खुल्यो !!!

**सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा वर्षै भरी डाईविटीज र प्रेसरको निःशुल्क जाँच गर्ने विराटनगरको घोघापुल चौक विराटनर-९ मा २०७६ साल असोज १ देखि जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउँदछौ।**

विशेषज्ञ सेवाहरु :- फिजिसियन तथा कार्डियोलोजि सेवा, हार्ड जोड्नी तथा नशा र बाथ रोग, नवजात शिशु तथा बालरोग, प्रसुती तथा स्त्री रोग, नाक, कान तथा घाँटी रोग, दन्त तथा मुख रोग,छाला कुष्ठ तथा यौन रोग, फिजियोथेरापी, मानसिक तथा नशा रोग, किड्नी पत्थरी तथा मुत्र रोग, आइ.सी.यू , एन.आइ. सी.यू, पि आइ.सी.यू, भेनटिलेटर, एक्सरे, अल्ट्रासाउण्ड, सर्जरी, इन्डोस्कोपी, टि.एम.टी, इकोकार्डियोग्राफी, होल्टर, इ.सी.जी.,ई.ई.जि., समान्य स्वास्थ्य परिक्षण र मधुमेहको परामर्श सेवा उपलब्ध छ।

**जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि.** सम्पर्क : ०२१-४४०४०६०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# छोरी माथी विभेद कायमै

लिलेश यादव

प्रत्येक वर्ष फाल्गुन १४ गते महिला दिवसको अवसरमा हाम्रो देशका नेताहरू, मन्त्रीहरूले ठूलो होटलमा भाषण दिदैं आउँछन् । उनीहरू भन्छन् कि महिलाहरूको जीवन सुध्रिसक्यो, राष्ट्रपति महिला छिन, मन्त्रीहरू पनि महिला छिन, सर्वोच्च अदालतको प्रधानन्यायाधीश महिला भइसकेकी छिन । अब हाम्रो देशको महिलाहरूको जीवनमा धेरै परिवर्तन भइसक्यो । महिलाहरूले आफ्नो कुरा स्वतन्त्र रूपमा राख्न सक्छिन्, स्वतन्त्र रूपमा काम गर्न सक्छिन्, स्वतन्त्र रूपमा हिंडन सक्छिन् । तर बास्तवमा भन्ने हो भने केहि ठूला पदमा महिला पुगिसके पनि महिलाहरूको विकास भइसके हो भन्दा धेरै गतत हुन्छ । देशको दुरदराजमा महिलाहरू आज पनि आफ्नो जीवन डर र त्रासमा बिताउने गर्छन् । महिला र पुरूषहरू बीच धेरै नै विभेद रहेको छ ।

तर आज म कुरा गर्छौं मधेशमा महिलाहरूमाथि भाइरहेको विभेदको बारेमा, महिला प्रति हेराइको बारेमा । कसरी आजको आधुनिक युगमा पनि महिलाहरू एउट दासी बनेर आफ्नो जीवन यापन गर्दै आइरहेका छन् ।

बास्तवमा कुनै पनि जिवित प्राणीको जन्म गर्भबाट हुन्छ । तर मधेशमा महिलाहरूको विभेद गर्भबाटै सुरू हुने गरेको पाइन्छ । जब हाम्रो समाजमा एउटा छोरी हुन्छ त्यति खेर सानो भोज भतेर गर्छौं । यदि लगातार अर्को छोरी भयो भने भोज भतेर छोरेर भाग्यलाई दोष दिने गरिन्छ । यदि तेस्रो बच्चा गर्भमा भयो भने डाक्टर कहाँ गएर जचाउने गर्छौं । यदि छोरा छ भने ठिकै छ । तर यदि छोरी छ भने जुन आमाको गर्भमा बच्चा हुन्छ, त्यही आमाले बच्चालाई गर्भपतन गर्नको लागि आफ्नो बुढालाई दबाब दिने गर्छ । आमाले दबाब दिन पनि मजबुरी हुन्छ ।

धेरै छोरी पाउने आमालाई धेरै विभेद हुने गर्छ । धेरै छोरीलाई जन्म दिने आमालाई घर, परिवार र समाजले विभिन प्रकारको गाली दिन थाल्छ । छोरा पाउनको लागि बुढाले अर्को बिहे गर्छ कि जस्तो डर त्रास हुने गर्छ । यदि एउटा बुढीबाट छोरा पाउन सकेन भने छोरा पाउनकै लागि अर्को बिहे गर्ने चल्न अहिले पनि मधेशमा छ । छोराप्रतिको चाहनाले गर्दा छोरीहरूको मृत्यु गर्भमा हुने गर्दछ । त्यही भएर गर्दा हाम्रो देशमा पुरूष भन्दा महिलाको जनसंख्या धेरै छ । जुन आमा बुवाले आफ्नो सन्तानलाई धेरै माया गर्ने गर्छ । मधेशमा छोरीलाई गर्भमा मार्ने निर्णय गर्छ भने छोराको लागि विभिन प्रार्थना गरी विभिन्न प्रकारको राम्रो खान खाने गरिन्छ । जुन आमा बुवाले छोरीलाई संसार देखाउनका लागि जन्म दिने हो, त्यसले नै छोरीको हत्यारा बन्छ अनी कसरी छोरा छोरी प्रति समान व्यवहार गर्छ ? त्यही आमा बुवाले गर्भमा छोराछोरीबीच विभेद गर्छ भने कसरी छोरीहरू स्वतन्त्र रूपमा अगाडि बढ्छ ।

जीवनमा केही गर्नको लागि नभई नहुने हो । हाम्रो देशमा शिक्षामा पनि छोरा छोरी प्रति विभेद हुने गर्छ । मधेशमा छोरी छोराको शिक्षा प्रति ठूलो विभेद देखिन्छ । छोरा छ भने उसलाई राम्रो महगो स्कूलमा पठाउने तर छोरीलाई एउटा सरकारी स्कूलमा पठाउने आमा बुवाहरू धेरै नै छन् । यदी छोरा स्कूलबाट पढेर आयो भने उ सँग धेरै मायाले आमा बुवा प्रस्तुत हुन्छन् । स्कूलबाट छोराले कुनै घरकार्य पाएको होकी ? छोरालाई खाजा खुवाई उसले स्कूलबाट पाएको घरकार्य सकाउनका लागि भन्छौ । तर छोरी पढेर आएपछि उसलाई एउटा नोकर जस्तो व्यवहार गर्छौं । छोरी स्कूलबाट पढेर आयो भने एक चोटि पनि सोधिदैन तिमीले केही घरकार्य पाएकी छौ ? बरू उसलाई भन्ने गरिन्छ तिमी खाजा खाउ अनी गएर खेतबाट घास, दौरा लिएर आउ । एउटा छोराले स्कूलको घरकार्य गर्नको लागि २ घण्टा पाउछन भने छोरीले घरको काम गर्न्को लागि घास दौरा ल्याउनका लागि २ घण्टा समय लगाउँ छिन् ।

जब साँझ पर्छ त्यस पछि छोराले किताब लिएर बस्छन भने वा मन लागेन भने गएर साथीहरू सँग घुम्न वा खेल्न जान्छ । तर छोरीले आफ्नो परिवारको लागि खाना पकाउँछिन् । खाना पकाएर मात्र कहाँ हुन्छ, आफ्नो परिवारको सम्पूर्ण सदस्यहरूलाई खाना दिनु पर्ने हुन्छ । सबै जनाले खाना खाइ सके पछि छोरीले खाना खानु पर्ने मधेशमा चलन छ । सम्पूर्ण व्यक्तिले खाएको भाडा मस्काइ, खाना पकाएको चुलो सफा गरेर मात्र छोरी सुत्नको लागि समय पाउँछ । एउटा छोरीले दिन भर गरेको कामको थकाईले कसरी आफ्नो स्कुलको घरकार्य गर्न सक्छिन् । हाम्रो मधेश समुदायमा बिहानको सुरूवात सँगै छोरा छोरीबीचको विभेद पनि सुरू हुने गरिन्छ ।

जब साँझ पर्छ त्यस पछि छोराले किताब लिएर बस्छन भने वा मन लागेन भने गएर साथीहरू सँग घुम्न वा खेल्न जान्छ । तर छोरीले आफ्नो परिवारको लागि खाना पकाउँछिन् । खाना पकाएर मात्र कहाँ हुन्छ, आफ्नो परिवारको सम्पूर्ण सदस्यहरूलाई खाना दिनु पर्ने हुन्छ । सबै जनाले खाना खाइ सके पछि छोरीले खाना खानु पर्ने मधेशमा चलन छ । सम्पूर्ण व्यक्तिले खाएको भाडा मस्काइ, खाना पकाएको चुलो सफा गरेर मात्र छोरी सुत्नको लागि समय पाउँछ । एउटा छोरीले दिन भर गरेको कामको थकाईले कसरी आफ्नो स्कुलको घरकार्य गर्न सक्छिन् । हाम्रो मधेश समुदायमा बिहानको सुरूवात सँगै छोरा छोरीबीचको विभेद पनि सुरू हुने गरिन्छ ।

बिहान हुने बितिकै एउटा छोराले पढनको लागि समय पाउँछन भने छोरीले सम्पूर्ण परिवारका लागि चिया पकाउने, खाना पकाउने गरिन्छ । खाना पकाइ सकेपछि खाना खाएर स्कुल जाने गरिन्छ । जब मधेशमा बस्ने आमा बुवा लगायत अभिभावकले आफ्नो छोराको लागि राम्रो पढ्ने वातावरण बनाउँन छन भने छोरीलाई दिनभरी काममा लगाउनेले कसरी छोराछोरीबीच समान व्यवहार गरेको छ ? जीवनको लागि चाहिने शिक्षामा विभेद गर्छ भने कसरी एउटी छोरीले जीवनमा अगाडि बढछ ?

स्कुल शिक्षा पास गरेर उच्च शिक्षा प्राप्त गर्ने मधेशमा जन्म लिने भाग्यमानी छोरी हुनु पर्छ । किनभने स्कुल पढदा पढदै ८० प्रतिशत केटीको बिहे भइसकेको हुन्छ । प्लस २ पढ्ने मधेशको १० प्रतिशत केटीहरू मुश्किलले पाइन्छ । यदि गाउँको नजिकमा कुनै क्याम्पस छ भने मात्र पढ्न पाउँछिन् । किनभने हाम्रो मधेशमा बस्ने अभिभावक आफ्नो छोरीलाई अर्को गाउँ, शहरमा पठाएर पढाउनका लागि मान्दैन ।

प्लस २ पढ्ने क्रममा कुनै केटी भागी बिहे गरयो भने त्यो गाउमा पढ्ने सम्पूर्ण केटीका लागि केटा खोज्ने काम सुरू हुन्छ । त्यो गाउँको ९० प्रतिशत केटीको बिहे अभिभावकले गरिदिन्छ । मधेशमा केटी भागी बिहे गरयो भने आमा बुवा र त्यो गाउँको इज्जत जान्छ । समाजमा आफ्नो टाउको उठाएर हिंडन सक्दैन । त्यो भएर केटी भागी बिहे गरे पछि तिनीहरूको आमाबुवाले कहिले पनि अपनाउदैन, आफ्नो सन्तान मान्दैन, कतिपयले आफ्नो सरकारी शक्ति प्रयोग गरेर आफ्नो सन्तान भएको कुनै पनि साबुत राख्दैन ।

समय धेरै परिवर्तन भयो तर महिलाप्रतिको सोचाइ र व्यवहार अहिले पनि परिवर्तन भएको पाईदैन । हिजो पनि महिलाहरूलाई डराई, धमकाइ राखिन्थ्यो । आज पनि मधेशमा महिलाहरूलाई डराई धमकाइ राखिन्छ । (मधेश दर्पण फिचर सेवा)

# चुनाव हार्ने कांग्रेसका डा.सुनिल शर्माले बचाए

विराटनगर । मोरङको कानेपोखरी-६ दुर्गा टोलका रामकुमार राई बिगत ४० बर्षदेखि कम्युनिष्ट राजनीतिमा सक्रिय थिए । पुर्व माओवादीको तर्फबाट जनसरकार प्रमुखसमेत बनेका उनी अहिले अस्पतालको सैयामा जीवन-मरणको दोसाधमा छन् ।

मुटु र मृगौलामा समस्या देखिएर बिगत दुई महिना अघिदेखि थला परेका उनी आफुलाई समस्या पर्दा राजनीतिक सहपाटीको साथ पाउँने आसमा थिए । उनी गंभीर स्वास्थ्य समस्याले ग्रसित भएर उपचार गर्न पैसा अभावमा तडिपरहदा उनकै पार्टी सरकारमा छ । त्यत्तिमात्र नभई उनकै क्षेत्रबाट प्रतिनिधिसभा निर्वाचनमा बिजयी बनेका नेकपा नेता भानुभक्त ढकाल स्वास्थ्य मन्त्री छन् । मोरङको क्षेत्र नम्बर ३ मा कांग्रेस उम्मेद्वार डा.सुनिल शर्मालाई पराजित गर्दै बिजयी बनेका ढकाल अहिले स्वास्थ्य मन्त्रीको जिम्मेवारी सम्हाल्न पुगेका हुन् । मन्त्री ढकाललाई बिजयी गराउन सक्रिय भुमिका निर्वाह गरेका राई पार्टीको नीति अनुप कांग्रेस उम्मेदवार डा.शर्मालाई पराजित गराउँन लागिपरे । तर, पैसा अभावमा उपचार गर्न नसकिरहदा राईलाई उनै शर्माले नोबेल अस्पताल पुर्याई सम्पुर्ण खर्च व्यहोरेर नि:शुल्क उपचार गराईरहेका छन् ।

'मलाई संकट परेका बेला सुनिल सरले राजनीति भन्दा माथि उठेर ठुलो सहयोग गर्नुभयो । तर, मैरै पार्टीका मान्छेले वास्ता गरेनन् ।' अस्पतालको शैंयाबाट उनले भने 'पार्टीका केन्द्रिय नेताहरुसँग पनि उपचारका लागि कुरा गरेको थिए । तर, केहि सहयोग मिलेन । बरु अर्कै पार्टीको भएर पनि सुनिल सरले साथ दिनुभयो ।'

चुनावका बेला डा.शर्मालाई हराउन सक्रिय भुमिका खेलेको स्मरण गर्दै उनले भने 'जसलाई पराजित गराउँन लागि परियो, उहाँबाटै अहिले नयाँ जीवन मिल्दैछ ।' जीवनको उर्वर समय वर्गसंघर्षको राजनीतिमा खर्चेका ५३ बर्षीय राई अहिले आर्थिक रुपमा बिपन्न छन् । टाटीको बेरा लगाएको घरमा गुजारा चलाउँछन् । जाडो याममा टाटीबाट छिरेको चिसो सिरेटो सिधै उनको ओछ्यानमा पुग्छ . पाखुरामा बल, शरिरमा जाागर र स्वास्थ्यले साथ दिंदा राईले घर बनाउने मिस्त्री काम गरेर ८ जनाको परिवार पाल्दै आएका थिए । तर, अहिले उनी रोगले थलिएपछि परिवारको आम्दानीको बाटो टुटेको छ ।

अव कसरी परिवार चलाउने अन्यौल छ । जिन्दगीभर पार्टीको पछि लागेर सहयोग गरेको मान्छे पैसा अभावमा उपचार गर्न नसकेर थला पर्दा आफ्नो पार्टीका मान्छे हेर्न र सोध्नसमेत नपुगेको उनको परिवारका सदस्यको गुनासो छ । 'आफ्नो पार्टीका कसैले सोध्न पनि आएका छैनन् ' गुनासो गर्दै राईकी छोरी अमृताले भनिन् 'अर्कै पार्टीको मान्छे भएपनि सुनिल सरले ठुलो गुन लगाउँनुभयो ।'

उपचार गर्ने पैसा अभावमा राम्रो अस्पताल जान नसक्दा राई दुई महिनादेखि घरमै ओछ्यान परेका थिए । उनको अवस्था थाहा पाएपछि नोबेल अस्पताल सञ्चालकसमेत रहेका नेता शर्माले घरमै एम्बुलेन्स पठाएर राईलाई अस्पताल ल्याई नि:शुल्क उपचारको व्यवस्था मिलाएका हुन् । जुनसुकै पार्टीको मान्छे भएपनि अफ्ठेरोमा परेका बेला साथ दिन' मानवीय कर्तव्य भएकाले सहयोग गरेको डा.शर्माको भनाई छ । राईलाई डा.शर्माले आईसीयुमा राखेर नि:शुल्क औषधि उपचार गराईरहेका छन् ।

उनको दुवै मृगौलाले काम नगरेको र मुट'मा पनि समस्या देखिएको उपचारमा संलग्न नोबेलका बरिष्ठ मृगौला रोग बिशेषज्ञ डा.शैलेन्द्र श्रेष्ठले बताए । मृगौलाले काम नगर्दा राईलाई डाईलाईसिस गराईदैछ । डा.शर्माले यसअघि पनि गरिब, बिपन्न तथा असहाय सयौं बिरामीलाई नि:श'ल्क उपचार गरेर मानवीय सेवालाई निरन्तरता दिदै आएका छन् ।

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।
अन्तरिक राजश्व कार्यालय विराटनगर

६
- आफ्नै देशमा सिप सिकौं । रोजगार बनौं । राष्ट्रिय पुनर्निर्माणमा सहभागी होऔं ।
- भूकम्पबाट क्षति भएका घरबनाउन पाएको अनुदानका रकम घर-पुनर्निर्माणमा मात्र खर्च गरौं ।
- म निर्माण व्यवसायी, गुणस्तरीय, निर्माण मेरो जिम्मेवारी ।
नेपाल सरकार
सुचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

# दोस्रो पटक यूवा सम्मेलन विराटनगरमा

विराटनगर । नेपाल युवा परिषद केन्द्रिय कार्यालय र नेपाल युवा परिषद प्रदेश नं. १ को संयुक्त आयोजनामा र परिवर्तनको लागि हाम्रो अधियानको सहआयोजनामा दोस्रो पटक प्रदेश नं. १ का यूवा सम्मेलन २०१९ विराटनगरमा हुने भएको छ ।




नेपाल युवा परिषद प्रदेश नं. १ संयोजक शुशिल राजभर र परिवर्तनको लागि हाम्रो अभियानका अध्यक्ष मकर बुढाथोकीले संयुक्त रुपमा पत्रकार सम्मेलन गरी युवा उद्यमशीलता, यूवा नेतृत्व, पर्यटन, दिगो विकासको लक्ष्य, वातावरण तथा जलवायु परिवर्तन र सूचना प्रविधि मुख्य विषय बनाई पौष १३ र १४ गते सम्मेलन आयोजना गर्ने वताए ।

उक्त दुई दिने सम्मेलनमा २ सय जना यूवाहरुको सहभागीता गराउने अपेक्षा गरिएको छ जसमा प्रदेश नं. ५ र ६ का नेपाल युवा परिषदका युवाहरुको पनि उपस्थिति रहने छ सो कार्यक्रमा सहभागी यूवाहरुको उमेर १८ देखि ३० वर्षको आफ्नै जिल्लामा नै रहि अधययन गरिरहेका वा व्यवसाय संचालन गरिरहेका वा समाजिक कार्यहर गरिरहेका यूवाहरु मात्र सहभागी हुन पाउने शुशिल राजभरले जानकारी गराए ।

पहिलो पटकको सम्मेलनमा प्रत्येक जिल्लावाट सहभागिता जनाउने यूवाहरुले आ-आफ्नो जिल्लाका बारेमा सबैला जानकारी दिने गरी सम्पूर्ण युवाहरुले कार्ययोजना सहित निर्माण गर्ने भएको छ । सहभागीहरुलाई आफ्नो जिल्लाको पहिचान झल्काउने खालको यूवा सांस्कृतिक साफ पहिलो दिन आयोजना गर्ने र सहभागीहरुले विभिन्न प्रस्तुतीहरु दिने कुरा पत्रकार सम्मेलनमा जानकारी गराए ।

नेपाल युवा परिषदले विगत ८ वर्षदेखि युवाको नेतृत्व, उद्यमशीलता, दिगो विकासको लक्ष्य र व्यक्तित्व विकासको क्षेत्रमा नेतृतव दायि भूमिका ल्याउने उदेश्यका साथ प्रदेश यूवा सम्मेलन आयोजना गर्न लागेको छ । सो सम्मेलनमा ती विषयहरुमा युवाहरुले कार्यपत्र प्रस्तुग गर्ने भएको छ ।

सातवटै प्रदेशका यूवाहरुलाई स्थानिय, आर्थिक तथा सामाजिक क्षेत्रमा नेतृत्वदायि भूमिका ल्याउने उदेश्यका साथ प्रदेश युवा सम्मेलन गरी यूवामा समाजका सकारात्मक परिवर्तको लागि केही नयां कुरा सिक्ने आयोजकले आश गरेको छ ।

नेपालको कुल जनसंख्याको ४० प्रतिशत हिसा ओगेटेको युवा जमात नेतृत्वदायि भमिकामा आउन आवश्यक छ जब सम्म यूवा नेतृत्तमा आएमात्र देशमा परिवर्तन आउन सक्छ युवा परिवर्तनको सम्वाहक हो भन्ने नाराका साथ काम गर्दै आईरहेको नेपाल यूवा परिषदले यस पटक नेपालका सातै प्रदेशमा प्रदेश युवा सम्मलन गर्ने जमर्को गरेको वताए ।

पहिलो पटक प्रदेश यूवा सम्मेलन २०१८ प्रदेशका विभिन्न विद्यालयमा महिनावारी सचेतना कार्यक्रम, तनाव व्यवस्थापन र विश्व पर्यटन दिवसको अवसरमा वृहत सरसफाई कार्यक्रम १४ वटै जिल्लामा आयोजना गरी दिगो विकास लक्ष्य प्राप्ति गर्न र दिगो विकास लक्ष्यलाई स्थानियकरण गर्न नेपाल युवा परिषद र परिवर्तको लाग हाम्रो अभियानले कार्य गर्दै आएको राजभरले पत्रकार सम्मेलनमा जानकारी गराएका थिए ।



धुम्रपान र मध्यपान आजै देखि त्यागौं र निरोगी र हौं ।

## नेतृत्व...

दासत्वको शुरुवात हुने जस्तो देखिएपनि खासमा जब व्यक्तिमा म केही गर्न सक्छु भन्ने भावना नामेट हुन्छ तब दास प्रवृत्तिको उदय हुन्छ । जब अपनत्वको अभाव हुन्छ, तब कामको गुणस्तर र गति निकै कमजोर हुन्छ । ‘मर्छन् त बराजुका गोरु, भाँचिन्छ त साधनको हलो’ भन्ने उखानले विकासका लागि जुटाइएको श्रम र स्रोत कसरी ध्वस्त हुन्छ भन्ने कुरा देखाएको छ । कामको मूल्याङ्कन, राम्रो कामलाई प्रोत्साहन पुरस्कार जस्ता कुराले यस प्रवृत्तिलाई केही कम गर्न सकिन्छ । यसैगरी, विकास निर्माणका काममा लगानी र यसको उपादेयताका बारेमा सर्वसाधारणसित अन्तर्क्रिया गर्ने अवसर जुटाउने गरेमा दास मनोवृत्तिलाई हटाउन सकिन्छ । कुनै उत्पादनमुलक संस्थामा कामदारलाई सेयरमा सहभागी गराउनु, कामदारलाई दास मनोवृत्तिबाट मुक्त पार्ने एक राम्रो उपाय हो । यसले कुनै पनि कामको उत्पादकत्व बढ्छ र विकासले गति लिन्छ ।

८. अनुत्तरदायित्व :- अनुत्तरदायी प्रवृत्तिलाई विकासको धमिराको रूपमा चिनिन्छ । कुनै पनि कामको जिम्मेवारी प्राप्त भएपछि त्यो काम कति समय र कति लागतमा सम्पन्न हुन्छ भन्ने कुराको पनि किटानी भएको हुन्छ । जिम्मेवारीले उत्तरदायित्वको माग गर्छ । उत्तरदायित्वबिनाको जिम्मेवारीले कुनै पनि कामको सम्पन्नता र प्रभावकारिता खोज्ने अवस्था पनि सिर्जना गर्दैन । जापानको विकासको राजलाई सामुहिक जिम्मेवारी र व्यक्तिगत उत्तरदायित्व भन्ने गरिन्छ । यसका लागि नैतिक सम्वेदनशीलताको खाँचो पर्छ । यसमा अर्काको कमी-कमजोरीलाई आफूले स्वीकार्ने फराकिलो छातीको आवश्यकता एकातिर देखिन्छ भने मेरो कमजोरीलाई उसले आफ्नो भनेर स्वीकाऱ्यो भनेर नैतिक रूपले नतमस्तक हुन सक्ने नैतिक सम्वेदनशीलता पनि हुनु पर्छ । यो जिम्मेवारी समूहको परम आत्मबोधको अवस्था हो । हामी आफ्नै कमजोरीमा पनि दोषादोष गर्छौं । हाम्रो व्यवहारमा जिम्मेवारी हस्तान्तरण हुनसक्ने तर उत्तरदायित्व हस्तान्तरण हुन नसक्ने भनिन्छ । यसले गर्दा नेतृत्वलाई आफ्नो जिम्मेवारी पूरा गर्न हरसम्भव प्रयास गर्न घचघचाइरहन्छ । यसले स्रोत र समयको सीमामा काम सम्पन्न गर्न सघाउँछ । त्यसैले नै अनुत्तरदायी जिम्मेवारीलाई विकासको धमिरा भनिएको हो ।

९. वितरण प्रणालीमा भेदभाव :- विकास भनेको सेवा सुविधा र उत्पादन आम नागरिले बिना भेदभाव प्राप्त गर्न पाउने अवस्था पनि हो । खाद्य संप्रभूता तथा कुनै उत्पादनका लागि स्थानीयहरूले गर्नुपरेको त्याग वा बेहोर्नुपरेको जोखिमका कारण तोकिएका क्षेत्रका बासिन्दाले थप सुविधा पाउनसक्ने विधिविधानले सकारात्मक विभेदको व्यवस्थालाई भने वितरणमा भेदभाव भएको भन्न मिल्दैन । यसबाहेक लैङ्गिक विभेद, क्षेत्रीय विभेद गरी सेवा सुविधाको वितरण हुने अवस्था आएमा त्यसले राष्ट्रमा ठूलो द्वन्द्व निम्त्याउन सक्छ । द्वन्द्वको आगोमा विकासको रोटी कहिल्यै पाक्दैन ।

१०. अपारदर्शीता :- अपारदर्शितामा सधैं षड्यन्त्रको छाँया लुकिरहेको हुन्छ । भनिन्छ, लुकाएर ल्याएको नुनलाई पनि सुनको शङ्का गरिन्छ भने खुला रूपमा ल्याएको सुन पनि नुन होला भन्ठानिन्छ । दुईजना बसेर सामान्य कुरामा कानेखुशी गर्दा अनेक शङ्काउपशङ्का गरिन्छ भने त्यही कुरा समूहमा गरेमा कुनै आशङ्का उब्जने स्थिति आउँदैन । ‘शङ्काले लङ्का जलाउँछ’ भन्ने उखान यही अपारदर्शी अवस्थाले सिर्जना भएको हो । मनमा जे छ मुखमा त्यहीं र मुखमा जे छ मनमा त्यहीं भयो भने अपारदर्शी अवस्थाबाट मुक्त भइन्छ । नेतृत्वमा अपारदर्शी भावना देखियो भने सामुदायिक वा भनौं साङ्गठनिक एकतामा खलल पर्छ र विकासका बाटाहरू धूमिल हुँदै जान्छन् ।

११. माथिको मुख ताक्ने प्रवृत्ति :- यो दास मनोवृत्तिको झण्डै अर्को रूप हो । यसलाई अङ्ग्रेजीमा ट्रिकल डाउन एपरोच पनि भनिन्छ । आफूलाई कमजोर ठान्ने मनोवृत्ति र आफ्नो अधिकारलाई उपयुक्त किसिमले उपयोग गर्न नसक्नेले सधैंभरी अर्काले के आदेश देला र गरुँला भनी बस्छ । आफ्नो कार्य विवरण (ट्रिमस अफ रिफरेन्स) मा स्पष्ट नभएको व्यक्तिले सधैं माथिबाट के आदेश आउँछ भन्ने पर्खिरहन्छ । यस्तो मनस्थितिले न नेतृत्वको विकास हुन्छ न त समाजको नै ।

१२. भ्रष्टाचार :- भ्रष्टाचारको सोझो अर्थ खराब बानी बेहोरा भन्ने हुन्छ । तर हामी सर्वसाधारणले बुझ्ने गरेको कुरा भने आर्थिक अपचलन हो । समाजमा भएका आर्थिक अपचलनका सन्दर्भमा भ्रष्टाचारको कुरा आउने गरेकाले यसको अलिकति अर्थविस्तार (बानी, बेहोराबाट आर्थिक अपचलनतिर), अलिकति अर्थ संकुचन (सम्पूर्ण व्यवहारिक तथा नैतिक क्षेत्रबाट आर्थिकतिर मात्रै खुम्चिएको) र अलिकति अर्थान्तर (सामाजिक तथा नैतिक क्षेत्रलाई छाडेर आर्थिक मात्रै बुझ्ने सन्दर्भ आएको ) भएको जस्तो देखिन्छ । वास्तवमा, प्राकृतिक सत्य र रीत सत्यभन्दा बाहिर गएर गरिने व्यवहार नै भ्रष्टाचार हो । विभिन्न सामाजिक रीतिथितिलाई संरक्षण र संबर्द्धन गर्दै समाजमा विभिन्न काम गर्नुपर्ने हुन्छ । यी रीतिथितिलाई आफ्नो निजी स्वार्थमा प्रयोग गरेर विभिन्न स्रोत साधनको दुरुपयोग भयो भने त्यसले समाजको विकास तथा उन्नतिमा नकारात्मक असर पार्छ । त्यसैले, भ्रष्टाचारलाई समाजको कलङ्क भन्ने गरिन्छ ।

यी विकासका एक दर्जन कीराबाट जोगिन सक्ने नेताको नेतृत्व कालजयी हुन्छ । महात्मा गान्धी, नेल्सन मण्डेला यी कीराबाट जोगिएका नेता हुन् । त्यसैले, उनीहरूलाई उनका देशका नागरिकले मात्रै होइन, विश्वका नागरिकले सम्झने गर्छन, आदर गर्छन, सम्मान गर्छन् । लौ नेताजी, विकास खाने कीरो बन्ने कि विकास गर्ने हिरो बन्ने तपाईका आफ्नै हातमा छ ।

## स्वास्थ्य

### जाडोयाममा खानैपर्ने ५ खानेकुरा

जाडो मौसममा रुघाखोकी तथा चिसोको समस्या हुन्छ । यस्तो बेलामा सन्तुलित आहार, व्यायाम, पर्याप्त निद्रा तथा तनाव कम भएन भने रोगप्रतिरोधी क्षमता कम घट्दछ र चिसो मौसममा हुने संक्रमणको जोखिम बढि हुन्छ ।

हामीले खाने केही सामान्य खानेकुराहरु यस्ता हुन्छन् जसले चिसो तथा रुघाखोकीबाट बचाउँछन् । ती सुपरफुडहरु निम्न छन्-

१. गाजर :- क्यारोटमा बेटा क्यारोटिन तत्व पर्याप्त मात्रामा पाइन्छ । यसमा भिटामिन ए पनि पर्याप्त मात्रामा पाइन्छ । गाजरको नियमित सेवनले चिसोमा हुने विभिन्न खाले संक्रमणबाट बचाउन सहयोग गर्छ ।

२. ग्रीन टी :- ग्रीन टी लाई शक्तिशाली एन्टीअक्सिडेन्ट भनिन्छ । यसमा ब्याक्टेरिया तथा भाइरस प्रतिरोधी तत्व पाइन्छ । दिनमा ३ कप ग्रीन टी पिउनाले रोग प्रतिरोधी क्षमता बढाउँछ र जाडो यामम‍ा हुने विभिन्न संक्रमणको जोखिम पनि घटाउँछ ।



३. च्याउ :- च्याउमा पनि विभिन्न खाले पोषक तत्वका साथै औषधीय तत्व पाइन्छन् । यसलाई रोगप्रतिरोधी क्षमताको प्रवर्द्धक मानिन्छ । चिसोमा हुने भाइरसजन्य संक्रमणबाट जोगिन नियमित रुपमा च्याउको सुप खानु आवश्यक हुन्छ ।

४. लसुन :- लसुनलाई आयुर्वेदमा पनि अचूक औषधिको रुपमा लिइन्छ र चिसो र ज्वरोको घरेलु उपचारमा समेत यसको प्रयोग हुँदै आएको छ । कलेजोलाई विषरहीत बनाउने तथा शरीरमा रोग प्रतिरोधी क्षमता बढाउने इन्जाइमको मात्रा बढाउनका लागि लसुनले सहयोग पूराउने विभिन्न अनुसन्धानले देखाएका छन् ।

५. मह :- जाडो मौसममा हुने रुघाखोकी तथा ज्वरोको सबैभन्दा सजिलो तथा भरपर्दो घरेलु औषधिको रुपमा महको सेवन गर्ने गरिन्छ । महमा ब्याक्टेरिया तथा भाइरस प्रतिरोधी गुण पाइन्छ । महलाई दुधमा मिलाएर पिउँदा चिसो तथा संक्रमणबाट बच्न सकिन्छ ।

## हार्दिक अनुरोध

जन्मदर्ता बालबालिकाको पहिलो अधिकार हो । जन्म, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद, मृत्यु दर्ता जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**

- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आफू बस्ने गाउँपालिकाका कार्यालयमा गई दर्ता गराउनु पर्छ ।

**कसरी गर्ने ?**

गाउंपालिकामा निशुल्क पाईने फारम भरी घटना घटेको मितिले ३५ दिन भित्र घटना दर्ता गराउनु पदंछ ।

**व्यक्तिगत घटना दर्ता कसले गराउने**

- जन्म तथा मृत्युको घटना दर्ता परिवारका मुख्य व्यक्तिले ।
- विवाह दर्ता, पति-पत्नी दुवैले ।
- सम्बन्ध विच्छेद, पति वा पत्नीले ।
- बसाई सराई, परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाई सराई गरी जाने व्यक्तिले ।

केराबारी गाउँपालिकाको कार्यालय मोरंग

## सुचना ! सुचना ! सुचना !

सड्क क्षेत्रको दायाँ बायाँमा रहेका रुखहरु काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानुन वमोजिम कारहवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पत्ति हो, यसको संरक्षण र सम्वर्द्धन गरौं, सडक सफा राखौं र सडक अतिक्रमण हुनवाट जोगाऔं ।

कटहरी गाउँ पालिकाको कार्यालय मोरंग